# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण १ गते २०१३ साल

### गृहमन्त्रालयको सूचना

सर्वोच्च अदालत ऐन २०१३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सरकारले निम्नलिखित आदेश निकालेको छ।

[१] सरकारले कुनै असिस्टेन्ट सेक्रेटरी डेपुटी सेक्रेटरी, वा सेक्रेटरीलाई परमेनेन्ट एड्भोकेटमा नियुक्त गर्न सक्छ।

[२] त्यस्तो कर्मचारीले आफूलाई ठेकिएको कामका अतिरिक्त परमेनेन्ट एड्भोकेटले तल पेराग्राफ ३ बमोजिम गर्नु पर्ने काम कारबाई गर्नेछ।

[३] कुनै नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार सरकारको वा सरकारले खटाएमा कुनै सरकारी कर्मचारीको वारीस भै परमेनेन्ट एड्भोकेटले सर्वोच्च



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतलगायत नेपालभर मुलुकका जुनसुकै अड्डा अदालतमा हाजिर (एपिएर हुन) बहस् (प्लिड्) वा पैरवी (एक्ट) गर्नुपर्छ।

आज्ञाले—
यदुनाथ खनाल,
सेक्रेटरी—गृहमन्त्रालय.

## भूल-सुधार

२०१३ साल आषाढ २६ गते खण्ड ६ संख्या ११ को गजेटमा प्रकाशित गृहमन्त्रालयको सूचना भाग ३ मा प्रकाशित हुनुपर्नेमा पुफरीडरको भूलले भाग ४ मा छापिएकोले यो भूलसुधार गरिएको छ।

—मेनेजर,

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।